# स्वतः प्रकाशन (वैसाख-असार, २०७९)

## (Proactive Disclosure of AEPC)

(सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम)

नेपाल सरकार

**ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

मध्य वानेश्वर, काठमाण्डौं

वेवसाईटः www.aepc.gov.np

इमेलः info@aepc.gov.np

फोन : ००९७७ ०१ ४४९८०१३, ४४९८०१४

# विषयसूची

**विषय** **पेज नं.**


(१) केन्द्रको स्वरुप र प्रकृति..........३

(२) केन्द्रको काम कर्तव्य, अधिकार र उदेश्य..........३

(३) केन्द्र रहने कर्मचारी संख्या र कार्य विवरण..........५

३.१ केन्द्रको दरवन्दी तालिका..........५

३.२ संस्थागत संरचना..........५

(४) केन्द्रवाट प्रदान गरिने सेवा (नागरिक बडापत्र)..........८

(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी..........१०

(६) सेवा शर्त प्राप्त गर्नको लागि दस्तुर र अवधि ..........१०

(७) निर्णय गर्ने प्रकृया र अधिकारी..........१०

(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी..........१०

(९) सूचना अधिकारी र प्रमुखको नाम र पद..........११

(१०) सम्पादन गरेको मुख्य कार्य..........११

(११) केन्द्रसँग संवन्धित ऐन, नियम, विनियम वा निर्देशिका सुची..........१२

(१२) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धि विवरण..........१२

(१३) तोकिए वमोजिमका अन्य विवरण..........१३

## (१) केन्द्रको स्वरुप र प्रकृति

नेपाल सरकारले नवीकरणीय ऊर्जा तथा यसका प्रविधिहरुको विकास एवम् प्रवर्द्धन गरी ग्रामीण क्षेत्रको ऊर्जा आवश्यकता परिपूर्ति तथा वातावरण संरक्षणका लागि विकास समिति ऐन २०१३ अन्तर्गत २०५३ साल कार्तिक १८ मा वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समितिको स्थापना गरेसँगै यस केन्द्रको स्थापना भएको हो । यस केन्द्रको सांचालनको लागि माननीय मन्त्री ज्यु अध्यक्ष रहनुहुने ११ सदस्यीय वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति रहेको छ । हाल यो केन्द्र ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत केन्द्र रहेको छ ।

यस केन्द्रले विभिन्न सरकारी निकायहरु, गैरसरकारी संस्था, निजी क्षेत्र, नागरीक समाज, उपभोक्ता समुहहरुसंग सहकार्य गरी देशमा नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धन तथा विकास गर्दै आएको छ । केन्द्रले मागमा आधारीत भै सार्वजनिक निजी साझेदारी पद्धतीमा कार्यकमहरु संचालन गर्दछ । केन्द्रका कार्य क्षेत्रहरु निम्नानुसार रहेका छन्:

- लघु तथा साना जलविद्युत (१० मेगावाट सम्मको आयोजना)
- सुधारिएको पानी घट्ट
- वायोग्यास
- सौर्य ऊर्जा (घरेलु सौर्य विद्युत प्रणाली, सोलार ड्रायर/कुकर, सौर्य पम्प, सोलार थर्मल आदि)
- जैविक ऊर्जा
- ऊर्जा दक्षता
- जलवायु तथा कार्वन
- वायु ऊर्जा
- भूतापिय ऊर्जा (तातोपानीको मूल) आदि

## (२) केन्द्रको काम कर्तव्य, अधिकार र उदेश्य

यस केन्द्रका प्रमुख कार्यहरु यस प्रकार छन् :

(क)वैकल्पिक ऊर्जा प्रविधि बिकास र बिस्तारको लागि उपयुक्त नीति तथा कार्यक्रमहरु तर्जुमा गरी वैकल्पिक ऊर्जा प्रविधिको बिकास गर्ने ।

(ख)वैकल्पिक ऊर्जा प्रविधिको गुणस्तर मापन तथा निर्धारण गर्ने ।

(ग)नेपाल सरकार, बिदेशी सरकार विभिन्न संघ(संस्थाबाट प्राप्त स्रोत साधनको आधारमा वैकल्पिक ऊर्जा कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।

(घ)राष्ट्रिय वा अन्तराष्ट्रिय संघ(संस्थाहरु बीच वैकल्पिक ऊर्जा प्रविधि विकास सम्बन्धी सम्बन्धी नेटवर्क स्थापना गरी सो को विस्तार गर्ने ।

(ड.)वैकल्पिक ऊर्जा प्रविधि विकासको लागि सूचना तथा तथ्यांकहरु संकलन, नमूना आयोजनाहरु तर्जुमा एवं कार्यान्वयन गर्ने, गराउने ।

(च)वैकल्पिक ऊर्जा विकास कार्यक्रममा निजी क्षेत्रलाई सहभागी गराई बैंक तथा बित्तीय संस्थाहरुको ऋृण प्रवाहको लागि उपयुक्त वातावरण श्रृजना गर्ने र सरकारी अनुदानलाई प्रभावकारी बनाउन आवश्यक सहयोग पुऱ्याउने ।

(छ)वैकल्पिक ऊर्जा प्रविधिको विकास, विस्तार एवं संचालन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुलाई आवश्यक परामर्श सेवाहरु प्रदान गर्ने ।

(ज)समितिको उद्देश्य प्राप्तिका लागि नेपाल सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तराष्ट्रिय संघ( संस्थाहरुबाट आवश्यक ऋृण, अनुदान तथा सहयोग प्राप्त गर्ने ।

(झ)वैकल्पिक ऊर्जा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सेमिनार तथा सीपमूलक तालीम संचालन गर्ने ।

## २.१ केन्द्रको उद्देश्य

यस केन्द्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः–

(क) नवीकरणीय ऊर्जाको अनुसन्धान, विकास तथा विस्तार गरी ऊर्जामा सर्वसाधारणको पहुँच पुऱ्याई उनीहरुको जीवनस्तरमा सुधार गर्ने,

(ख) नवीकरणीय ऊर्जाको विकास तथा प्रवर्द्धनवाट वातावरणको संरक्षण गर्ने, र

(ग) परम्परागतरुपमा रहेको ऊर्जा माथिको निर्भरता कम गर्ने ।


## (३) केन्द्र रहने कर्मचारी संख्या र कार्य विवरण

यस केन्द्रमा विकास समिति अर्न्तगतका कर्मचारीहरु कार्यरत रहन्छन् । केन्द्रमा हाल कायम रहेको ५४ स्थायी दरवन्दी रहेको छ ।

## ३.१ केन्द्रको दरवन्दी तालिका :

| क.सं | तह | पद संख्या |
|---|---|---|
| १ | १२ औ | १ |
| २ | ११ औ | १ |
| ३ | १० औ | ३ |
| ४ | ९ औ | ६ |
| ५ | ८ औ | ९ |
| ६ | ७ औ | ११ |
| ७ | ६ औ | ७ |
| ८ | ५ औ | ७ |
| ९ | ४ औ | १ |
| १० | श्रेणी विहिन | २ |
| ११ | श्रेणी विहिन | ५ |
| १२ | श्रेणी विहिन | १ |
| | जम्मा | ५४ |

## ३.२ संस्थागत संरचना :




## केन्द्रका महाशाखाहरु :

क. योजना तथा अनुगमन महाशाखा
ख. प्रशासन महाशाखा
ग. प्रविधि प्रवर्द्धन महाशाखा

## क. योजना तथा अनुगमन महाशाखा

यो महाशाखाका कार्यहरु देहाय बमोजिम रहेका छन्:

- केन्द्रको वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने गराउने तथा स्वीकृत गर्ने गराउने ।
- योजना कार्यान्वयनका लागि सम्बद्ध निकायहरुसंग पहल गर्ने ।
- केन्द्रको भविष्यपरक योजना तयार गरी उर्जा उत्पादनको आवधिक लक्ष्य तोक्ने ।
- प्राविधिक विषयसंग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठी सेमिनार आयोजना गर्ने ।
- नीति तथा योजनासम्बन्धी नीतिगत सुझाव दिने ।
- केन्द्रको उन्नति, प्रगतिका साथै व्यवस्थित रुपमा कार्य सचालनका लागि सहयोग पुऱ्याउन विशेष योजना, अल्पकालीन/दिर्घकालीन योजना, रणनीति, कार्यविधि/निर्देशिका, मापदण्ड तथा कार्ययोजना तर्जुमा एवं संशोधन गर्ने गराउने कार्यहरु ।
- नवीकरणीय उर्जाको क्षेत्रमा सहयोग गर्ने अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुसंग समन्वय गर्ने, गराउने ।
- केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामीण तथा शहरी क्षेत्रमा व्यक्तिगत, सामुदायिक/सहकारी वा संस्थागत/निजी क्षेत्रबाट संचालन हुने नजीकरणीय उर्जा परियोजनाहरुमा सामाजिक तथा वातावरणीय विश्लेषण गर्ने ।
- केन्द्रको नीति, योजना तथा कार्यक्रमहरुलाई लैंगिक तथा वातावरणीय हिसावले संवेदनशिल हुने गरी तर्जुमा गर्न सहयोग पुऱ्याउने ।
- केन्द्रको लैंगिक, समावेशी तथा वातावरणमैत्री नीति तयार गरी लागू गर्ने ।
- जडान भएका नवीकरणीय ऊर्जा प्रणालीहरुको अनुगमन गर्ने ।

## ख. प्रशासन महाशाखा

यो महाशाखाका कार्यहरु देहाय बमोजिम रहेका छन्:

- केन्द्र अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको नियुक्ति, पदस्थापना, सरुवा, बृत्ति विकास, असाधारण एवं अध्ययन विदा स्वीकृति, अवकास, उपदान, कर्मचारी कल्याण तथा कर्मचारीको जिम्मेवारी तोक्ने सम्बन्धी कार्यहरु ।
- केन्द्र अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको वैयक्तिक विवरण अद्यावधिक गर्ने गराउने ।
- व्यवस्थापनको प्राविधिक पक्षमा प्रचलित ऐन, नियम र विद्यमान व्यवस्थाको अध्ययन विश्लेषण गर्ने तथा नीति, नियम, निर्देशिका एवं परिपत्र कार्यान्वयन गर्ने कार्यहरु ।
- केन्द्रका आर्थिक कारोवार नियमित तथा पारदर्शी रुपमा राख्न लगाई आर्थिक अनुशासन कायम गर्ने, गराउने कार्यहरु ।
- केन्द्रको भौतिक सम्पत्तिको संरक्षण, उपयोग तथा प्रभावकारिता अभिवृद्धि गर्ने कार्यहरु ।
- केन्द्रको यथार्थ आर्थिक तथा भौतिक अवस्थाको लागि प्रचलित नियम बमोजिम जिन्सी निरीक्षण, लेखापरीक्षण गर्ने गराउने कार्यहरु ।
- प्रचलित नियम बमोजिम खरिद सम्बन्धी कार्य गर्ने, गराउने ।
- केन्द्रको विकास, विस्तार तथा आधुनिकीकरणका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने गराउने र त्यसलाई लागू गर्ने कार्यहरु ।
- केन्द्रको जनशक्ति विकासका लागि कार्ययोजना बनाउने ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि स्वदेश तथा बैदेशिक अध्ययन, अवलोकन भ्रमणका लागि मनोनयन गर्ने ।
- केन्द्रका कर्मचारीहरुको कार्यविवरण तयार गरी लागु गराउने ।

## ग. ऊर्जा प्रवर्द्धन महाशाखा

यो महाशाखाकाकार्यहरु देहाय बमोजिम रहेका छन्:

- नवीकरणीय उर्जा सम्बन्धी प्राविधिक मापदण्डको डिजाइन तयार गर्ने, गराउने ।
- नवीकरणीय उर्जा प्रविधिकोअनुसन्धान तथा विकासको क्षेत्रमा कार्यरत निजी क्षेत्रका व्यक्ति/संस्थाहरुलाई सम्झौताका आधारमा अनुदान दिने ।

- केन्द्रले विकास गरेका तथा अवलम्बन गरेका नवीकरणीय उर्जा प्रविधिहरुलाई प्रचलित कानुन अनुसार पेटेन्ट, डिजाइन तथा ट्रेडमार्क सुरक्षित गर्ने र आवश्यकता अनुसार प्रविधि हस्तान्तरणको कार्य गर्ने, गराउने ।
- नवीकरणीय उर्जाको क्षेत्रमा मुलुकको भौगोलिक अवस्था तथा स्थानीय स्रोत साधनमा आधारित परम्परागत वा नयाँ प्रविधिको अनुसन्धान तथा विकास गर्ने ।
- स्वच्छ उर्जाको उर्जा दक्षता (Energy Efficiency) बढाउन आवश्यक अध्ययन, अनुसन्धान तथा प्रयोग गर्ने र सो को नतिजा सार्वजनिकीकरण (Dissemination) गर्ने ।
- स्वच्छ तथा हरित उर्जाको लाभको वारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- अनुसन्धान तथा विकास शाखाबाट सिफारिस भएका नवीकरणीय उर्जा प्रविधिको विस्तारमा सहयोग पुऱ्याउने ।
- नवीकरणीय उर्जा परिक्षण केन्द्र (RETS) लाई प्रविधि परिक्षणमा सहयोग गर्ने ।

## (४) केन्द्रवाट प्रदान गरिने सेवा (नागरिक बडापत्र)

| क सं. | प्रदान गरिने सेवा | आवश्यक कागजातहरु | लाग्ने समय | सम्पर्क शाखा | लाग्ने दस्तुर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | सौर्य ऊर्जा प्रणालीका उपकरणहरुमा भन्सार तथा मु.अ.कर छुटको लागि सिफारिस | १. सम्बन्धित कम्पनीको निवेदन ।<br>२.कम्पनी दर्ता, मु.अ. कर आयकर दर्ता, नियमावली, कर चुक्ता प्रमाणपत्र र ३ वर्षको व्यवसायिक योजना ।<br>३. उपकरणको प्राविधिक स्पेसिफिकेसन, भन्सार विभागको फाराम र प्रोफर्मा वा कमर्सियल इन्भ्वाईस, भन्सार प्रज्ञापनपत्र तथा कर तिरेको रसिद ।<br>४.आयात, विक्रि तथामौज्दातविवरण फाराम ।<br>५.Letter of Creditr Certificate of Origin<br>६.प्याकेजिङ तथा तौलको विवरण ।<br>७.PIT र RST गरेको सर्टिफिकेट PIT वा RST का लागि नवीकरणीय ऊर्जा परिक्षण केन्द्रले दिएको प्रमाण पत्र)<br>८.कम्पनीमा कम्तिमा १ जना सौर्य ऊर्जा इन्जिनियर रहेको प्रमाण । | ५ दिन | सौर्य ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| २. | नेपाल सरकारको अनुदानमा सञ्चालित सौर्य ऊर्जाका कार्यक्रमहरुमा अनुदान सहयोग (सौर्य सडक बत्ती , शहरी सौर्य ऊर्जा प्रणाली, सौर्य सिंचाई प्रणाली,संस्थागत सौर्य ऊर्जा प्रणाली,सौर्य तथावायू मिनि ग्रीड, सोलार ड्रायरतथा कुकर र घरेलु सौर्य ऊर्जा प्रणाली जडान) | केन्द्रले तयार पारेको ढाँचामा निवेदन र सो सम्बन्धी फारम भरी माग भएको आवश्यक कागजात सहित पेश गर्ने<br>**व्यक्तिगत प्रयोजनको हकमा :**<br>यस केन्द्रले तयार पारेको ढाँचामा निवेदन रसो सम्बन्धि फारम भरी मागभएको आवश्यक कागजात सहित पेश गर्ने<br>**व्यक्तिगत प्रयोजनको हकमा :**<br>१. सम्बन्धित स्थानिय तहको सिफारिस<br>२. सौर्य ऊर्जा प्रणाली मागका लागि केन्द्रले तयार पारेको ढाँचामा निवेदन<br>३. अनुदानका लागि माग गरेको सौर्य ऊर्जा प्रणालीको सम्बन्धित आवेदन फारम | ६ महिना देखि १२ महिना | सौर्य ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | *(नोट : नेपाल सरकारले बजेट बिनियोजन गरेको आ. व. का लागीमात्र)* | ४. प्रतिवद्वता पत्र (केन्द्रले तोके बमोजिमको लागत साझेदारीका लागि मात्र)<br>**सामुदायिक प्रयोजनको हकमा :**<br>१.उपभोक्ता समितिले गरेको निर्णयको प्रतिलिपि<br>२. सम्बन्धित स्थानीयतहको सिफारिस<br>३. सौर्य ऊर्जा प्रणाली मागका लागि केन्द्रले तयार पारेको ढाँचामा निवेदन<br>४. अनुदानका लागि माग गरेको सौर्य ऊर्जा प्रणालीको सम्बन्धित आवेदन फारम<br>५. प्रतिवद्वतापत्र (केन्द्रले तोके बमोजिमको लागत साझेदारीका लागि मात्र)<br>**सार्वजनिक संस्थाको प्रयोजनको हकमा :**<br>१.सौर्य ऊर्जा प्रणाली मागका लागि केन्द्रले तयार पारेको ढाँचामा सम्बन्धित संस्थाको निवेदन<br>२. सम्बन्धित स्थानीय तहको सिफारिस<br>३. अनुदानका लागि माग गरेको सौर्य ऊर्जा प्रणालीको सम्बन्धित आवेदन फारम<br>४. प्रतिवद्वता पत्र ( केन्द्रले तोके बमोजिमको लागत साझेदारीका लागि मात्र) | | | | |
| ३. | तोकिएको क्षेत्रमा नवीकरणीय ऊर्जा प्रविधि तथा ऊर्जाको उत्पादनमुलक परिप्रयोगको लागि अनुदान प्रवाह | नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० मा व्यवस्था भए अनुरुपका कागजातहरु । | | अनुदान प्रसोधन ईकाई वा सम्वन्धित शाखा | नलाग्ने | शाखा प्रमुख |
| ४. | जैविक ऊर्जामा आधारित सुधारिएको चुलोका उपकरणहरुको आयातमा भन्सार छुटको लागि सिफारिस । | १. सम्बन्धीत कम्पनीको निवेदन ।<br>२. कम्पनीदर्ता, आयकर / मु. अ. कर दर्ता र कर चुक्ता प्रमाणपत्र ।<br>३. प्रोफर्मा इन्भ्वाईस र कम्पनीप्रबन्ध पत्र ।<br>४. एल.सि खोलिएको कागजको प्रति | २ दिन | जैविक ऊर्जा शाखा | | नलाग्ने |
| ५. | जडान गरिएका लघु जलविद्यूत प्रणालीका उपकरणहरुमा मुल्य अभिबृद्धि कर फिर्ताको लागि सिफारिस | १. उपभोक्ता समितिको निवेदन ।<br>२. मु.अ.कर फिर्ता माग्न उपभोक्ता समितिको बैठकले गरेको निर्णयको प्रतिलिपी ।<br>३.आयोजनाको निर्माण कम्पनीसँग गरिएको सम्झौताको प्रतिलिपी ।<br>४.सम्वन्धित कम्पनीसँग मागिएको कोटेसनको प्रतिलिपी ।<br>५. VAT Bill को सक्कल प्रतिको साथै प्रति प्रतिलिपी ।<br>६. सम्वन्धित आयोजनाको विधान, आयोजना सामुदायिक र नाफा रहित हो भन्ने उल्लेख भएको प्रमाण ।<br>७. उपभोक्ता समितिको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको सक्कल प्रतिको साथै प्रतिलिपी ।<br>८. उपभोक्ता समिति दर्ता प्रमाण पत्रको प्रतिलिपी । | २ दिन | सामुदायिक विद्युतीकरण शाखा | नलाग्ने | शाखा प्रमुख |
| ६. | नेपाल सरकारको अनुदान सहयोग सहित संस्थागत बायोग्यास प्लाण्ट जडानको स्विकृति प्रदान | सम्बन्धित प्लान्ट धनि संस्था/समुदायको आधिकारिक निवेदन । | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| ७. | नेपाल सरकारको अनुदान सहयोग सहित सामुदायिक बायोग्यास प्लाण्ट जडानको स्विकृति प्रदान | १. समुदायको निवेदन ।<br>२. स्थानिय तहमा समुदायिक उपभोक्ता समिति दर्ताको प्रमाणपत्रको प्रतिलिपि । | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३. प्रस्तावित समुदायमा बायोग्यास निर्माणको लागि स्थानिय तहबाट सिफारिस ।<br>४. बायोग्यास निर्माण सम्बन्धि उपभोक्ता समितिको बैठकबाट गरिएको निर्णयको प्रतिलिपि । | | | | |
| ८. | नेपाल सरकारको अनुदान सहयोग सहित व्यावसायिक बायोग्यास प्लाण्ट जडानको स्विकृति प्रदान | १. सम्बन्धित व्यावसायीक संस्थाको तर्फबाट www.w2ebazaar.org.np मार्फत् Online आवेदन<br>२. कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>३. मु. अ. कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| ९. | नेपाल सरकारको अनुदान सहयोग सहित नगरपालिकाको फोहरबाट ऊर्जा निकाल्न स्विकृति प्रदान | नगरपालिकाको तर्फबाट आशयपत्र | सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भएको १५ दिन | जैविक ऊर्जा शाखा | नलाग्ने | शाखा प्रमुख |
| १०. | बायोग्यास ऊर्जा प्रणालीका उपकरणहरुमा भन्सार तथा मु.अ.कर छुटको लागि सिफारिस | १. सम्बन्धीत कम्पनीको निवेदन ।<br>२. कम्पनीदर्ता, मु.अ.कर आयकर दर्ता, कर चुक्ता प्रमाणपत्र ।<br>३. प्रोफर्मा इन्भ्वाईस ।<br>४. आयातीत सामानको प्राविधिक विवरण (Technical Specification).<br>५. आयात, बिक्रि तथा मौज्दातको विस्तृत विवरण ।<br>६. एल.सि. खोलेको कागजको प्रतिलिपि | १ दिन | जैविक ऊर्जा शाखा | | नलाग्ने |
| ११. | सरकारी, सार्वजनिक, निजी संस्थाको ऊर्जा परिक्षण तथा ऊर्जा व्यवस्थापन योजना कार्यान्वयन तथा जानकारी | सम्बन्धित संस्थाको माग फारम सहितको निवेदन । | बढिमा १५ दिन | उर्जा दक्षता शाखा | नलाग्ने | शाखा प्रमुख |
| १२ | केन्द्रका प्रकाशन, सूचना, तथ्यांक, जानकारी | निवेदन | सूचनाको प्रकृती हेरेर बढिमा १५ दिन | सञ्चार तथा सूचना प्रविधि ईकाई | प्रकाशन निशुल्क, सूचना प्रकृती हेरेर १० पेजसम्म नि:शुल्क, सो भन्दा वढि भएमा प्रति पेज रु.५ | शाखा प्रमुख |

## (५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

माथि बुँदा ४ मा खुलाइएको ।

## (६) सेवा प्राप्त गर्नको लागि दस्तुर र अवधि

माथि बुँदा ४ मा खुलाइएको ।

## (७) निर्णय गर्ने प्रकृया र अधिकारी

माथि बुँदा ४ मा खुलाइएको ।

## (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी

**केन्द्रको उपर अन्तिम गुनासो सुन्ने व्याक्ति :**

डा. मधुसुधन अधिकारी, कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## (९) सूचना अधिकारी र प्रमुखको नाम र पद

**कार्यलय प्रमुख :** डा. मधुसुधन अधिकारी, कार्यकारी निर्देशक

**प्रवक्ता :** नवराज ढकाल, नायव कार्यकारी निर्देशक

**गुनासो व्यवस्थापन फोकल प्वाइन्ट** : रुद्र प्रसाद खनाल, निर्देशक

**सूचना अधिकारी** : कृष्ण चन्द्र पौडेल, वरिष्ठ अधिकृत

## (१०) यस आवमा सम्पादन भएका मुख्य कार्य

- स्वच्छ विकास संयन्त्र (CDM) मा दर्ता भएका ७६१७ वटा घरायसी वायोग्यास प्लान्ट तथा ५ वटा लघु तथा साना जलविद्युत आयोजनाहरुको मर्मत सम्भार तथा पूनर्निर्माण गरिएको ।
- ४४ वटा मिनिग्रीड आयोजनाको सम्भाव्यता अध्ययन गरिएको ।
- ऊर्जा दक्षता सम्वन्धि ५ वटा बिधुतीय उपकरणहरुको मापदण्ड तथा बेसलाइन र बेन्चमार्क तयारी, ऊर्जा दक्षता सम्बन्धि प्राविधिक जाँच गर्ने प्रणाली विकास गरिएको ।
- ६ वटा सार्वजनिक तथा निजि संस्थालाई ऊर्जा दक्षता सम्बन्धी क्षमता अभिवृद्धि गरिएको ।
- ५ वटा जिर्ण तथा साना लघु जलविद्युत आयोजनाहरुको सुदृढिकरण तथा प्राविधिक एवं आर्थिक रुपले सम्पन्न हुन नसकेका जलविद्युत आयोजनाहरुलाई थप अनुदान उपलब्ध गराइएको ।
- विद्युतीकरण नभएका ५७४५ धार्मिक एवं सामुदायिक स्थानहरुमा सौर्य प्रणाली जडान गरिएको ।
- कृषि सिंचाईका लागि ६३४ सौर्य पम्प जडान गरिएको ।
- स्वच्छ उर्जाको माध्यमबाट खाना पकाउने गुइठा कृषिजन्य अवशेषको प्रतिस्थापन र उर्जा नपुगेको क्षेत्रमा स्वच्छ उर्जा कार्यक्रम अन्तर्गत ८३५० वटा विद्युतीय चुलो वितरण गरिएको ।
- उज्यालो नेपालका लागि राष्ट्रिय मिनिग्रीड कार्यक्रम अन्तर्गत सौर्य मिनिग्रीड वाट ८६७ कि.वा. विद्युत उत्पादन भइ विद्युतीकरण गरिएको ।
- ६३७४ वटा घरायसी वायोग्यास प्लान्ट, ४९ वटा सौर्य खानेपानी तथा सिंचाइ पम्प, १००९ वटा संस्थागत सौर्य विद्युत प्रणाली, ११ वटा संस्थागत तथा सामुदायीक वायोग्यास प्लान्ट, २०५३ वटा सुधारिएको फलामे चुलो, १२०७६ वटा घरेलु सौर्य विद्युत प्रणाली, ७ वटा सौर्य ड्रायर र ८२ वटा सुधारिएको पानीघट्ट जडान गरिएको ।
- पिको लघु तथा साना जलविद्युत आयोजनाबाट १७४८ कि.वा. विद्युत उत्पादन भइ विद्युतीकरण भएको ।

- प्रदेश १ र ७ मा नवीकरणीय ऊर्जा कार्यक्रम कार्यान्वयनका लागी कार्यालय संचालन तथा स्थानीयतहलाई प्राविधिक सहयोग उपलब्ध गराइएको ।
- नवीकरणीय ऊर्जा आयोजनाहरुलाई स्वच्छ विकास संयन्त्रमा समावेश गर्न आवश्यक कार्यहरु गरिएको ।
- च्यालेन्ज फण्ड अन्तर्गत ५ वटा नवीकरणीय ऊर्जा कार्यक्रम कार्यान्वयनका लागि प्रक्रिया अगाडी वढाइएको ।

## (११) केन्द्रको कार्यसँग संवन्धित ऐन, नियम, विनियम वा निर्देशिका सूची

- वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति गठन आदेश, २०५३
- ग्रामीण ऊर्जा नीति, २०६३
- नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३
- जैवीक ऊर्जा रणनीति, २०७३
- राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५
- शहरी सौर्य ऊर्जा प्रणाली अनुदान तथा कर्जा परिचालन निर्देशिका, २०७२
- नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३
- दुर्गम स्थानका लघु तथा साना जलविद्युत आयोजनाका लागि थप आर्थिक सहयोग परिचालन कार्यविधि, २०७१
- संस्थागत सौर्य ऊर्जा प्रणाली अनुदान तथा परिचालन कार्यविधि, २०७०
- केन्द्रीय नवीकरणीय ऊर्जा कोष सञ्चालन निर्देशिका, २०७१
- वातावरणीय तथा सामाजिक सुरक्षण नीति, २०७५
- आयोजना मुल्यांकन तथा समापन संम्वन्धी कार्यविधि, २०७५
- लैगिंक समानता तथा सामाजिक समावेशिकरण नीति, २०७५
- राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, आर्थिक अनुशासन तथा शुशासन नियमावली, २०७५

## (१२) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धि संक्षिप्त विवरण

| वजेट उपशिर्षक नं. | कार्यक्रमको नाम | कुल वार्षिक बजेट | वैसाख–असारको जम्मा खर्च रु. | हाल सम्मको कुलखर्च रु. |
|---|---|---|---|---|
| १०३ | वैकल्पिकऊर्जा प्रर्वद्धन केन्द्र | १,०५,४९,००,००० | ६७,८३,०६,३४३ | ८६,३८,५१,०११ |
| १०४ | राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | १,६९,७४,००,००० | ६१,६९,१७,४४४ | १,४५,८३,६०,६०६ |

## (१३) तोकिएवमोजिम अन्य विवरण

### (क)केन्द्र अर्न्तगत हाल संचालित मुख्य कार्यक्रम/आयोजना /परियोजना

- राष्ट्रिय ग्रामिण तथा नवीकरणीय ऊर्जा कार्यक्रम (NRREP)
- ग्रामिण जिविकोपार्जनको लागि नवीकरणीय ऊर्जा कार्यक्रम (RERL)
- दक्षिण एसियाली उपक्षेत्रिय विद्युत प्रणाली विस्तार आयोजना (SASEC)
- नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम (REEEP)
- नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम (NREP)
- नेपाल मिनिग्रिड परियोजना

### (ख)केन्द्रको वेबसाइट

www.aepc.gov.np

### (ग)वर्गिकरण तथा संरक्षण गरिएको सूचनाको नामावली त्यस्तो सूचना संरक्षण गरेको तोकिएको समयावधी

त्यस्तो सूचना नरहेको ।

### (घ) सूचना माग सम्वन्धि निवेदन र सो उपर सूचना दिएको विवरण

यस अवधिमा कुनै निवेदन प्राप्त नभएको ।